चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

प्रदेश नं. ३

न्यायिक समितिबाट भएको

**निर्णय**

नि.नं. ०१

**निवेदक/वादीको नाम, थर, ठेगाना**

फसिलाल महर्जनको नाति चक्रलाल महर्जनको छोरा का.जि. सतुंगल वडा नं. ९ को हाल च.न.पा. वडा नं. ११ बस्ने वर्ष ४७ को देवभक्त महर्जन ................................ १

ईन्द्रबहादुर कार्कीको नाति देविबहादुर कार्कीको छोरा हाल च.न.पा. वडा नं. १५ तिनथाना बस्ने वर्ष ४९ को हरिकुमार कार्की ........... १

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

बुद्धविर बुढाथोकीको नाति ओमबहादुर बुढाथोकीको छोरा जि.म्याग्दी, अर्मन वडा नं. ६ को हाल का.जि. च.न.पा. वडा ७ बस्ने अन्दाजी वर्ष ४४ को टंकप्रसाद बुढाथोकी .. १

**वादीको साक्षी**

क) हाल का.जि. टोखा न.पा. वडा नं. २ बस्ने कृष्ण डंगोल ................................ १

ख) हाल का.जि. का.म.पा. वडा नं. ४ बस्ने महेश खनाल ................................ १

**प्रतिवादीको साक्षी**

क) च.न.पा. वडा नं. ११ बस्ने वर्ष ४७ को देवभक्त महर्जन ............................ १

ख) च.न.पा. वडा नं. ७ बस्ने वर्ष ३८ को दुर्गाकुमारी बुढाथोकी ....................... १

**कागज प्रमाण**

क) बैना कागजको फोटोकपी ................ १

ख) च.न.पा. ७ वडा समितिको कार्यालयको सिफारिस प्रतिवेदन ......................... १

**कागज प्रमाण**

क) बैना पत्रको कागज ........................ १

ख) पुरानो लालपूर्जाको फोटोकपी ........... १

ग) नक्साको फोटोकपी ........................ १

घ) ट्रेस नक्साको फोटोकपी .................... १

ङ) नयाँ लालपूर्जाको फोटोकपी ............... १

न्यायिक समितिबाट बुझेको साक्षी ................

प्रमाणहरु १) बाटो मञ्जुरनामा सहितको लेनदेन सम्झौतापत्र ।

२) नापी नक्साको थान २

विवादको विषय : बैना रकम बुझी लिई जग्गा पास गरी नदिएको ।

दर्ता नं. : २३

<u>वादीको दावीको संक्षिप्त व्यहोरा</u> :

१. उपर्युक्त विपक्षीसँगको उक्त विषयमा हामी निवेदकहरुले निज विपक्षीसँग निजको नाउँमा दर्ता रहेको का.जि. तीनथाना वडा नं. २ कि.नं. ५८९ क्षेत्रफल १-१-०-० मध्ये फिल्डमा कायम रहेको ०-१३-२-० मध्येबाट ०-६-० को जग्गा प्रति आना रु. ६,५०,०००/- को दरले रु. २५,७५,०००/- बैना गरेका थियौं । सो बैना कागजमा निजले गरेको सहिछाप विषयमा निजले नै विवाद उठाएकोमा रोनाष्टबाट निजको सहिछाप रहेको व्यहोरा लेखि आएपछि पनि मेलमिलाप गर्न इन्कार गरेकाले वडा ७ को वडा समितिको कार्यालयबाट यस न्यायिक समितिलाई पठाइएको छ । ति सबै प्रमाण साथै राखेका छौं ।

२. यसर्थ बैना कागज अनुसार निजले हामीबाट बुझी लिएको बैना रकम र उचित क्षतिपूर्ति सहित फिर्ता गर्नुपर्ने वा बैना सहमति अनुसार बाँकी रकम बुझी लिई जग्गा पास गरिदिनुपर्नेमा सो गर्न समेत इन्कार गरी बैना रकम खाने, पचाउने एवं जग्गा पनि पास गरि नदिने गरी साह्रै अन्याय गरेको हुँदा निजलाई नियमानुसार झिकाई बुझी छलफलमा राखी विवाद समाधान गरी पाउन अनुरोध गर्दछौं । साथै नियमानुसार इन्साफ दिलाई पाउन समेत सादर अनुरोध गर्दछौं ।

<u>प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा</u> :

क) निवेदकहरुले दावी तथा उल्लेख गरे बमोजिम नभई कित्ता नं., क्षेत्रफल र फिल्डमा कायम रहेको क्षेत्रफल साथै बैना गरेको क्षेत्रफल र रकम यसप्रकार छ, मेरो नाममा दर्ता भएको कि.नं. ३०८, ३०५ क्षेत्रफल ०-२-२ र ०-१४-० गरी जम्मा १-०-२ मध्ये नापजाँच गरी ठहरेको जग्गा ०-१३-२-० को प्रतिआना ६,५०,०००/- अक्षरुपी छ लाख पचासहजारमा दुवै पक्ष सहमति भई रु. १५,००,०००/- अक्षरेपी पन्ध्र लाख तीन महिना भित्र बाँकी पैसा बुझी पास गरि दिने गरी मिति २०७०/१२/१७ मा बैना गरी लिएको हो ।

ख) रु. २४,००,०००/- अक्षरेपी चौबिस लाख बैना गरिएको कागज रोनाष्टबाट कहिकतै सहिछाप जाँच नगरिएको जानकारी गराउन चाहन्छु । यदि कहि कतै भएको भए सहिछाप मिलेपनि लिफा प्रष्ट नभएको वा नमिलेको भन्ने हुनुपर्ने ।

ग) बुँदा नं. 'ख' मा उल्लेख भएअनुसार आरोप सरासर झुठा हो । निजहरुले बैना सहमति भएका कुराहरु उल्लङ्घन गर्दै अनेक धाकधम्की र प्रलोभनमा पारी बैना अवधि सिद्धिए पछि ०-१३-२-० मध्ये ६ अना बढी जग्गा मुलबाटो साइडबाट पास गरि लिएको हो

जसबाट करिव ६५,००,०००/- अक्षरेपी पैसट्ठी लाख बुझि लिई खाएको र पछाडि बाटो नभएको बाँकी रहेको जग्गा समेत २, ४ दिनमै पास गर्ने प्रतिबद्धता जनाएपनि हालसम्म पास नगर्नुको साथै हाल आएर ७० सालकै मूल्यमा दिनुपर्छ भनि माग गरेकोले पास गरिदिन नसकिएको कुरा श्रीमान् समक्ष अवगत गराउन चाहन्छु साथै यिनीहरुबाट पाउनु पर्ने रकम नपाउनु र जग्गा समेतमा बाटो नराखी दिँदा मलाई पर्न गएको समस्यालाई लिएर स्वयं म बाटै यिनीहरु विरुद्ध मुद्धा हाल्ने तयारी गरिरहेको चाल पाई उल्टै मलाई झुठा आरोप सहितको मुद्धा दर्ता गरेकोले उक्त मुद्धामा निजहरुबाट आवश्यक प्रमाण पेश गर्न लगाई मैले पाउनु पर्ने क्षतिपूर्ति सहित आवश्यक कारवाही अगाडि बढाइदिनुहुन श्रीमान् समक्ष यो नम्र निवेदन गर्दछु ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

दुवै पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बिचमा फरक परेको विषय**

दुवै पक्षको विचमा बैनाको रकम र जग्गाको क्षेत्रफल के कति हो ? भन्ने कुरामा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

प्रस्तुत विवादमा बैना लिए दिएको रकम तथा जग्गाको कायम क्षेत्रफलमा पक्षहरु बीच मुख नमिलेको हुँदा लेनदेन भएको रकम र विवादित जग्गाको हाल कायम क्षेत्रफल समेत एकिन गरी उजुरी माग बमोजिम क्षतिपूर्ति समेत दिलाई दिनुपर्ने हो होइन भनि निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत विवाद स्थानीय सरकार संचालन ऐन, २०४७ को दफा ४७ को उपदफा २ बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार रहेको पाइयो । उक्त कानुनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा मेलमिलापको प्रकृया अवलम्बन गरी निरुपण गर्नुपर्ने हुन आएकोमा पक्षहरुलाई मेलमिलापको लागि प्रेरित गरी पटक पटक छलफल गर्दा समेत सहमति भई मेलमिलाप हुन नसकेको हुँदा प्रमाण बुझी निर्णयमा पुग्न न्यायिक समितिको क्षेत्राधिकार नभएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ को उपदफा ४ बमोजिम तारेखमा रहेका पक्षलाई तारिखमा तोकी श्री काठमाडौं जिल्ला अदालतमा जान सुनाई प्रस्तुत मुद्दाको सक्कल मिसिल श्री काठमाडौं जिल्ला अदालतमा पठाइदिने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

तपसिल खण्ड

- माथिको निर्णय खण्डमा मुद्दाका पक्षलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को उपदफा (४) बमोजिम तारेख तोकी सक्कल मिसिल श्री काठमाडौं जिल्ला अदालतमा बुझाईदिनु। .................................................................................. १
- यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार गरी श्री काठमाडौं जिल्ला अदालतमा बुझाई दिएको निस्सा अभिलेख शाखामा बुझाईदिनु। ........................... २

न्यायिक समितिका

संयोजक श्री लिशा नकर्मी

सदस्य

श्री माधव के.सी.

सदस्य

श्री सुरेन्द्र के.सी.

निर्णय तयार गर्न सहयोग पुऱ्याउने

गणेश खत्री

कम्प्युटर टाइप गर्ने

चिरञ्जीवी खड्का

कानुनी सहजकर्ता

निरञ्जन गोपाल बतौंला शर्मा

इति सम्वत् मिति २०७६ साल कार्तिक महिना १ गते रोज ६ शुभम् .................